सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

## उत्कृष्ट उद्यमी सम्मान (पहिलो संशोधन) कार्यविधि, २०८२

उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम,प्रारम्भ र विस्तार:** (१) यस कार्यविधिको नाम "उत्कृष्ट उद्यमी सम्मान (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रिस्तरिय निर्णयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०७९ को दफा ४ मा संशोधन:** उत्कृष्ट उद्यमी सम्मान कार्यविधि, २०७९ (यसपछि "मूल कार्यविधि" भनिएको)को दफा ४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रत्येक जिल्लाबाट एकजनाका दरले प्रदेशका नौ वटै जिल्लावाट कूल नौ जना उत्कृष्ट उद्यमीहरुलाई सम्मान गरिनेछ।"

(२) उपदफा (३) मा रहेका "अठार जना" भन्ने शब्दहरुको सट्टा "नौ जना" भन्ने शब्दहरु राखिएका छन् ।"

३. **मूल कार्यविधिको दफा ८ मा संशोधन:** मूल कार्यविधिको दफा ८ को खण्ड (छ) मा रहेका "दुई जना" भन्ने शब्दहरुको सट्टा "एक जना" भन्ने शब्दहरु राखिएका छन्।

प्रदेश सचिव

# उत्कृष्ट उद्यमी सम्मान कार्यविधि,२०७९

मन्त्रिस्तरबाट स्वीकृत मितिः २०७९।१०।२४

**प्रस्तावना:**विभिन्न स्रोत, साधन, श्रृजना र सीपको प्रयोग गरी उद्यम गरिरहेका प्रदेशकाउत्कृष्ट उद्यमीको छनौट गरीसम्मान प्रदान गर्ने कार्यलाईव्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वान्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सरकारकोसामाजिक विकास मन्त्रालयले यो कार्यविधिबनाई लागू गरेको छ।

१. **संक्षिप्तनाम र प्रारम्भ:**(१) योकार्यविधिको नाम "उत्कृष्ट उद्यमी सम्मानकार्यविधि,२०७९" रहेको छ।

(२) योकार्यविधिमन्त्रालयको मन्त्रिस्तरिय निर्णयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "सम्मान" भन्नालेउत्कृष्ट उद्यमीलाई प्रोत्साहन स्वरुप प्रदान गरिने नगद पुरस्कार सहितको सम्मान सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नालेप्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(घ) "उद्यमी" भन्नालेविभिन्न स्रोत साधन,सीप र श्रृजनाको प्रयोग गरी व्यापारव्यवसाय, उद्योग संचालन गरिरहेका र अन्य श्रमिकलाई पूर्ण वा आंशिक रोजगारी प्रदान गरिहेकाव्यक्तिलाई सम्झनु पर्छ।

(ङ) "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वाकर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाईएको व्यक्ति सम्झनु पर्छ ।

(च) "स्थानीय सिफारिस समिति" भन्नाले दफा ९ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ ।

(छ) "छनौट समिति" भन्नाले दफा १० बमोजिम गठित "उत्कृष्ट उद्यमीसिफारिस तथा छनौटसमिति" सम्झनु पर्छ।

(ज) "विशेष प्राथमिकता समूह" भन्नाले दलित, आदिवासी जनजाती, एकल महिला, अपांगता भएकाउद्यमी सम्झनु पर्छ।

३. **उद्देश्य:**यस कार्यविधि बमोजिम प्रदान गरिने सम्मानको उद्देश्य देहाय बमोजिम रहेको छ :-

(क) उद्यमशीलताको माध्यमबाटआर्थिक सशक्तीकरणमा योगदान पुर्‍याएका उद्यमीलाईप्रोत्साहन गर्ने,

(ख) स्वदेशमै श्रम तथा स्वरोजगारको माध्यमबाट उद्यमशीलताको विकास गर्न प्रोत्साहन गर्ने,

(ग) उद्यमीहरुलाई आफ्नो कार्यक्षेत्रमा सफल बन्न अभिप्रेरित गर्ने,

(घ) योग्य र उर्जावान जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्ने, र

(ङ) उद्यमी तथा श्रमिककोयोगदान प्रति आत्म गौरवको अनुभूति दिलाउने।

४. **सम्मानित हुनेको संख्या:** (१)प्रत्येक जिल्लाबाट दुई जनाका दरले प्रदेशका नौ वटै जिल्लाबाट कूल अठार जना उत्कृष्ट उद्यमीहरुलाई सम्मान गरिनेछ ।

(२) उत्कृष्ट उद्यमी छनौट गर्दा उच्चतम अंक प्राप्त गर्नेलाई योग्यताक्रमका आधारमा छनौट गरिनेछ।

(३)सम्मानका लागि छनौटमा परेका अठार जना उद्यमीलाई प्रति व्यक्तिरु.पचास हजारकादरले नगद पुरस्कार सहित सम्मानपत्र प्रदान गरिनेछ ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

५. **छनौट तथा मूल्यांकनका आधारहरु:** उत्कृष्ट उद्यमी छनौट सम्बन्धी मूल्याकंनका आधारहरु अनुसूची-१ बमोजिम हुनेछन्।

६. **पुरस्कार तथा सम्मान प्राप्त गर्ने योग्यता:** (१) उद्यमीले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ:-

(क) प्रदेशमा स्थायी बसोबास भई प्रदेशभित्रै उद्यम गरिरहेको नेपाली नागरिक,

(ख) उद्यमी स्वयम् आफैं संचालक भई व्यवसाय दर्ता र संचालन गरेको,

(ग) विगतदुई वर्षदेखि निरन्तर रुपमा श्रम तथा उद्यम गरिरहेको,

(घ) नियमित रुपमा सरकारलाई तिर्नु पर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरिक्षण गरेको, र

(ङ) वार्षिक न्यूनतम पाँचलाख रुपैयासम्मको कारोबार गरेको हुनुपर्ने ।

७. **पेश गर्नुपर्ने कागजातहरु:** उद्यमीले देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ:-

(क) अनुसूची-२ बमोजिमको प्रस्ताव,

(ख) नागरिकताको प्रतिलिपि,

(ग) दुई प्रति पासपोर्ट साइजको फोटो,

(घ) उद्योग दर्ताप्रतिलिपि,

(ङ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(च) पछिल्लो वर्षको लेखा परिक्षण प्रतिवेदन,

(छ) PAN/VAT दर्ताको प्रतिलिपि,

(ज) सम्बन्धित स्थानीय तहको सिफारिश पत्र, र

(झ) विशेष प्राथमिकता समूह खुल्ने निस्सा।

८. **सूचना प्रकाशन,प्रस्ताव पेश गर्ने स्थान र सिफारिस प्रकृया:** सूचना प्रकाशन, प्रस्ताव पेश गर्ने स्थान र सिफारिसको प्रकृया देहाय बमोजिमहुनेछ:-

(क) मन्त्रालयलेकम्तीमा एक्काइस दिनकोसार्वजनिक सूचना प्रकाशनगरी अनुसूची-२ बमोजिमको ढाँचामा इच्छुक उद्यमीबाट प्रस्ताव माग गर्नेछ ।

(ख) सूचना मन्त्रालयको वेभसाईट र स्थानीय पत्रपत्रिकामा समेत प्रकाशन गरिनेछ । साथै सामाजिक विकास कार्यालय रस्थानीय तहमासमेत सूचना टाँसको लागि पठाइनेछ ।स्थानीय तहमा सूचना पठाउँदा यस कार्यविधिको प्रमाणित प्रतिलिपि समेत पठाइनेछ ।

(ग) प्रस्तावहरु सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(घ) प्रस्तावसाथ दफा ७ बमोजिमका कागजातहरु संलग्न राख्नु पर्नेछ ।

(ङ) सम्बन्धित स्थानीय तहले पेश भएका प्रस्ताव मध्येबाट म्याद समाप्त भएको पन्ध्र दिनभित्र दफा ९ बमोजिमको सिफारिस समितिको सिफारिसका आधारमाउत्कृष्ट कुनै एउटा उद्यमीको नाम आवश्यक कागजात सहितमन्त्रालयमा पठाउनु पर्नेछ । सिफारिस समितले उत्कृष्ट उद्यमी सिफारिस गर्दा अनुसूची-१बमोजिमका आधारमा उच्चतम अंक प्राप्त गर्ने कुनै एउटा उद्यमीलाई सिफारिस गर्नुपर्नेछ।स्थानीय तहले मन्त्रालयमा कागजात पठाउँदा सिफारिस समितिको निर्णय प्रतिलिपि अनिवार्य राख्नुपर्नेछ ।

(च) सम्बन्धित स्थानीय तहबाट सिफारिस हुन आएका प्रस्तावहरु मन्त्रालयले दफा १० बमोजिमको छनौट समिति समक्ष पेश गर्नेछ ।

(छ) छनौट समितिले खण्ड (च)बमोजिम पेश भएका प्रस्ताव र संलग्न कागजातका आधारमाअनुसूची-१ बमोजिम मूल्यांकन गरी प्रत्येक जिल्लाबाट उच्चतम अंक प्राप्त गर्ने दुईजना उद्यमीलाई पुरस्कार तथा सम्मानका लागि मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ ।

(ज) छनौट समितिले आवश्यकतानुसार सम्बन्धित उद्यमको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

(झ) स्थलगत अनुगमनका लागि मन्त्रालयले आवश्यकतानुसार जिल्लास्थित सामाजिक विकास कार्यालय वा सम्बन्धित स्थानीय तहलाईअनुरोध गर्न सक्नेछ ।

९. **स्थानीय सिफारिस समितिः**(१)पेश हुन आएका प्रस्तावको अनुसूची-१ का आधारमा मूल्यांकन गरी उत्कृष्ट एक उद्यमीको नाम मन्त्रालयमा सिफारिस गर्न सम्बन्धित स्थानीय तहमा देहाय बमोजिमको एक स्थानीय सिफारिस समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) प्रमुख वा अध्यक्षले तोकेको सम्बन्धित स्थानीय कार्यपालिकाको सदस्य एकजना | -सदस्य |
| (ग) रोजगार संयोजक, रोजगार सेवा केन्द्र, सम्बन्धित स्थानीय तह | -सदस्य सचिव |

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको काम, कर्तव्य र अधिकार दफा ८ को खण्ड (ङ) बमोजिम हुनेछ ।

१०. **छनौटतथा सिफारिस समितिः**(१)स्थानीय तहबाट सिफारिस भई आएका प्रस्तावको मूल्यांकन मार्फत उत्कृष्ट उद्यमी छनौटगरी मन्त्रालय समक्ष सिफारिस गर्नदेहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ :-

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय | - संयोजक |
| (ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय | - सदस्य |
| (ग) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | - सदस्य |
| (घ) शाखा प्रमुख,कानूनतथा फैसला कार्यान्वयन शाखा, मन्त्रालय | - सदस्य |
| (ङ) शाखा प्रमुख, श्रम तथा रोजगार शाखा, मन्त्रालय | - सदस्य सचिव |

(२)समितिको बैठक संयोजकको निर्देशानुसार सदस्य-सचिवले वोलाउनेछ ।

(३) समितिको बैठकमा बढीमा तीन जनासम्म विज्ञ तथा कर्मचारीहरु आमन्त्रित गर्न सकिनेछ ।

(४)समितिले यस कार्यविधिमा उल्लेख भए बाहेकका छनौटका अन्य आधारहरु आवश्यक परेमा आफै बनाउन सक्नेछ।

११. **सम्मानको राशीः** (१)सम्मानको राशी प्रति उद्यमी रु. पचास हजार हुनेछ ।

(२) उत्कृष्ट उद्यमीलाई नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरिनेछ ।

१२. **सहयोग गर्नुपर्नेः** यस कार्यविधि बमोजिम गरिने कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तब्य हुनेछ।

१३. **कार्यविधि संशोधन गर्न सक्नेः** मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्नसक्नेछ।

१४. **बाधाअड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१५. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची - १**

**(दफा ५ सँग सम्बन्धित)**

## मूल्यांकनका आधार

| सि. नं | छनौटको आधार | अधिकतम अंक | न्यूनतम अंक | प्रासांक |
|---|---|---|---|---|
| १. | विगत दुई वर्षदेखि कति श्रमिकलाई पूर्ण रोजगारी दिएको छ? (संख्याको आधारमा अंक दिने) | १२ | ६ | ➢ ५ वा ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए : १२अंक<br>➢ ३ देखि ४ जनालाई रोजगारी दिएको भएमा : ९ अंक<br>➢ १ देखि २ जनालाई रोजगारी दिएको: ६ |
| २. | स्थानीय स्रोत र साधन प्रयोग गरी उद्यम सञ्चालन गरेको | १५ | ८ | ➢ स्थानीय स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: १५ अंक<br>➢ स्थानीय र बाहय दुवै स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: १२ अंक<br>➢ बाह्य स्रोत साधन र कच्चा पदार्थको प्रयोग गरी संचालन भएको भए: ८ अंक |
| ३. | श्रम तथा वातावरणमैत्री उद्यम | ५ | ३ | श्रम तथा वातावरण मैत्री भए : बढीमा ५ अंक र कम्तीमा ३ अंक (खुला स्थान, बगैचा, बोटबिरुवा, विश्रामस्थल र सरसफाईलाई आधार मानी अंक प्रदान गर्ने) |
| ४. | विशेष प्राथमकिता समूह | ३ | ० | दलित, आदिवासी जनजाती,महिला, अपांगता भएका उद्यमी भए ३ अंक अन्य भए ० |
| ५. | वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरेका | ५ | ० | ➢ वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरेका भए ५ अंक र अन्य भए ० अंक |
| ६. | उत्पादित वस्तु तथा सामाग्रीको व्यवस्थापन र्प्याकेजिङ्ग | १० | ४ | उत्पादित वस्तु तथा सेवा सामाग्रीको व्यवस्थापन र प्याकेजिङ्गका आधारमा: बढीमा १० अंक र कम्तीमा ४ अंक |
| | जम्मा अंक | ५० | २१ | |

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
धनगढी, कैलाली
२०७४

## अनुसूची२

**(दफा ८ को खण्ड(क) सँग सम्बन्धित)**

**पेश गर्नुपर्ने विवरणको ढांचा**

१. उद्यमीको नामः

२. व्यवसाय/उद्यमशीलताको नामः

३. पद/भूमिकाः

४. कार्य प्रकृतिः

५. ठेगानाः

६. कार्यरत/व्यवसाय स्थापना मितिः

७. फोन, फ्याक्स, इमेलः

८. विगत दुई बर्षदेखि हालसम्म रोजगारी दिइएकोश्रमिकको संख्या र नामावली (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने):

९. के,कुन स्थानीय र वाह्य स्रोत साधन प्रयोग गरी उद्यमशिलतागरिरहेको (स्थानीय र बाह्य स्रोतको नामावली बुँदागत रुपमा खुलाउने):

१०. वातावरणमैत्री उद्यम भए नभए (खुला स्थान, बगैचा, बोटविरुवा, बिश्रामस्थल र सरसफाई के, कस्तो छ लेख्ने)

११. वैदेशिक रोजगारबाट फर्की उद्यम सञ्चालन गरेको वा नगरेको (यदि गरेको भए कार्यअवधि र देशको नाम खुलाउने साथै भिसा र पासपोर्टको प्रतिलिपि संलग्न राख्ने):

१२. बिशेष प्राथमकिता समूह भए खुलाउनेः

१३. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको व्यवस्थापन र प्याकेजिङ्ग कस्तो रहेको खुलाउनेः

१४. कार्यको गुणस्तरियता, दक्षता र प्रभावकारीता कस्तो रहेकोः

१५. श्रम/व्यवसायले पारेको सामाजिक/आर्थिक प्रभावः

(क).............................

(ख).............................

१६. अन्य कुरा केही भए खुलाउनेः

**संलग्न कागजातहरुः**

(क) ..........................................

(ख) ........................................

(ग) .......................................

(घ) .....................................

.............................................

विवरण पेश गर्नेको दस्तखत